## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/११/२१ गते शुक्रवार देखि २०६६/११/२७ गते बिहीबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८६ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४४२६ कारोबारबाट १४ करोड ७३ लाख ४८ हजार रुपैयाँ बराबरका ३ लाख ६६ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३०.०३ प्रतिशतले ह्रास आएको हो । गत साता ४१९५ कारोबारबाट २१ करोड ५ लाख ८० हजार रुपैयाँ बराबरका ६ लाख १० हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ७ करोड ९८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १८.२७ अंकले ह्रास भई अन्तिम दिन ४८६.२५ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४७४.४५ | ४३७.४७ | ३६५.९२ | ५९०.९९ | ७७९.७१ | २४७.०७ | ५७३.०६ | ४८३.५० | ५२५.९१ | ५०४.५२ | १२३.७० | ४६.८८ |
| दोस्रो | ४६८.३९ | ४३७.४७ | ३६५.९२ | ५९०.९९ | ७८१.२३ | २४७.०७ | ५७६.३७ | ४८०.६९ | ५२३.५१ | ५००.७१ | १२२.७४ | ४६.४७ |
| तेस्रो | ४६१.९० | ४३७.४७ | ३६५.९२ | ५४८.७० | ७८३.९२ | २४७.०७ | ५७६.३७ | ४७९.५८ | ५१८.२२ | ४८९.६१ | ११९.७२ | ४५.९६ |
| चौथो | ४६१.७६ | ४३७.४७ | ३६५.९२ | ५२८.७३ | ७७९.९७ | २५१.६१ | ५७५.७४ | ४७९.२९ | ५२०.४९ | ४८६.२५ | ११८.६८ | ४५.९३ |
| परिवर्तन | -१२.६९ | ०.०० | ०.०० | -६२.२६ | ०.२६ | ४.५४ | २.६८ | -४.२१ | -५.४२ | -१८.२७ | -५.०२ | -०.९५ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ५.०२ अंकले ह्रास भई ११८.६८ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ३३ लाख रुपैयाँ) को आधारमा बैंक अफ काठमाण्डू, शेयर संख्या (३१ हजार कित्ता) को आधारमा सिएमबी फाइनान्स र कारोवार संख्या (३८७ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू | २३.३२ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १४.७१ |
| ३ | सिएमबी फाइनान्स | ११.१७ |
| ४ | नबिल बैंक | ७.८३ |
| ५ | चिलीमे हाइड्रो पावर कम्पनी | ६.८२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्‌यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | एन.आई.डि.सी. क्यापिटल | वोनस | ३०१८३६ कित्ता |